Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 18, Issue 11 No. 119 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Jestha 2076 (June-2019)

# प्रधानमन्त्रीद्वारा सूचना प्रविधिमैत्री विद्यालयको उद्‌घाटन




प्रधानमन्त्री केपी शर्मा ओलीले सूचना प्रविधिमैत्री विद्यालय (स्मार्ट स्कुल) को रुपमा रुपान्तरित कास्कीको रुपा गाउँपालिकास्थित विश्वशान्ति माध्यमिक विद्यालयको राजधानीबाटै गत बैशाख १९ गते उद्‌घाटन गर्नुभएको छ।

'डिजिटल नेपाल : विकास र समृद्धिको आधार' नारासहित राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०७६ मनाउने सन्दर्भमा प्रधानमन्त्री ओलीद्वारा सो विद्यालयको उद्‌घाटन सम्पन्न भएको हो।

नेपाल सरकारको सूचना प्रविधिमैत्री विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ को मापदण्ड अनुसार गण्डकी प्रदेशमा विश्व शान्ति मा.वि. कास्की, प्रदेश नम्बर ५ मा गंगा मा.वि. दाङ, कर्णाली प्रदेशमा जनविकास मा.वि. रुकुम र सुदूरपश्चिम प्रदेशमा सर्वोदय मा.वि. कैलाली छनौट भएका छन्।

सम्बन्धित स्थानीय निकायको समन्वयमा ती विद्यालयको लागि नेपाल

(बाँकी २ पेजमा)



# चितवनमा एफटीटीएच सेवाको शुभारम्भ

मुलुकको अग्रणी दूरसञ्चार सेवा प्रदायक कम्पनी नेपाल टेलिकम हाल एउटै लाइनबाट भ्वाइस, डाटा र टिभी समेत एकैपटक प्रयोगमा ल्याउन सकिने FTTH (Fiber To The Home) सेवा विस्तारमा द्रुत गतिले लागेको छ। यस क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले चितवनमा एफटीटीएचमार्फत उच्च गतिको डाटा र भ्वाइस सेवाको शुभारम्भ गर्नुभएको छ। मन्त्री बाँस्कोटाले गत बैशाख ३१ गते चितवनको सौराहामा आयोजित एक कार्यक्रमका बीच नेपाल टेलिकमको एफटीटीएच सेवाको औपचारिक शुभारम्भ गर्नुभएको हो। दूरसञ्चार कार्यालय सौराहामा आयोजित सो कार्यक्रममा मन्त्री बाँस्कोटाले एफटीटीएचमार्फत रत्ननगर

(बाँकी २ पेजमा)

# लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने तयारी



मध्य पहाडी लोकमार्ग अन्तर्गत प्रदेश १, २ र ३ मा पर्ने विभिन्न स्थानमा अप्टिकल फाइबर बिछ्याउने कार्यको जिम्मेवारी नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल टेलिकमलाई दिएको छ। सो आयोजना समयमै सम्पन्न गर्नका लागि टेलिकमले ५ वटा कम्पनीसँग सम्झौता पनि गरिसकेको छ।

गत मार्च १२ देखि २२ सम्म विभिन्न चरणमा सम्पन्न सम्झौताअनुसार प्रदेश १ को ५ सय ९६ किलोमिटरका लागि कोरियाको एलएस केबुल्स र प्रदेश २ को १ हजार २८ किलोमिटरको काम आरोग्य कन्स्ट्रक्सन नेपाल, चाइना रेलवे र चाइना फ्युलको ज्वाइन्ट भेन्चरले जिम्मा लिएका छन्।

यसैगरी प्रदेश ३ को ५ सय ५५ किलोमिटर फाइबर बिछ्याउने काम हङकङको सीसीएसआई (चाइना कम्युनिकेसन सर्भिस इन्टरनेसनल)ले गर्ने भएको छ। DWDM इक्विपमेन्टका लागि हङकङको सीसीएसआईसँग सम्झौता भएको छ भने राउटर इक्विपमेन्टका लागि सिंगापुरको सिटियस कम्युनिकेसन्ससँग सम्झौता गरिएको छ।

मध्य पहाडी लोकमार्ग अन्तर्गत पूर्वको पाँचथर जिल्लाको चियो भञ्ज्याङदेखि पश्चिममा गोर्खा र धादिङको सिमाना आरुघाटसम्म अप्टिकल फाइबर बिछ्याउनका लागि नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणबीच २०७३ असोज १२ गते सम्झौतामा हस्ताक्षर भइसकेको छ। सो सम्झौताअनुसार मध्य पहाडी लोकमार्गका उल्लेखित क्षेत्रमा अप्टिकल फाइबर बिछ्याउने कार्यका लागि आवश्यक रकम नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषमार्फत नेपाल टेलिकमलाई उपलब्ध गराउने छ।

मध्य पहाडी लोकमार्ग अन्तर्गत चियो भञ्ज्याङदेखि आरुघाटसम्म कुल ८ सय ४ किलोमिटर तथा उक्त मार्गको उत्तर-दक्षिण क्षेत्रमा १ हजार ५ सय ७२ किलोमिटरको Spur Link गरी कुल २ हजार ३ सय ७६ किलोमिटर अप्टिकल नेटवर्कमा जोडिने योजना अघि बढाइएको छ। यसका साथै १००जी (100G) क्षमताको पूर्वाधार विस्तार गर्ने योजना रहेको छ।

(बाँकी २ पेजमा)

# अब प्रिपेडमा पनि रोमिङ सेवा

नेपाल टेलिकमले जीएसएम प्रिपेड मोबाइल प्रयोगकर्ताहरुको सुविधालाई ध्यानमा राखी यसमा पनि अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराएको छ। गत बैशाख १६ गतेदेखि कम्पनीले प्रिपेड मोवाइलमा अन्तर्राष्ट्रिय रोमिङ सेवा सञ्चालनमा ल्याएको हो। प्रारम्भिक चरणमा यो सेवा भारत र चीन भ्रमणमा जाने प्रयोगकर्ताहरुले उपयोग गर्न सक्नेछन्।

यो सुविधा लिएपछि नेपाल टेलिकमका जीएसएम प्रिपेड मोबाइल प्रयोगकर्ताले चीन वा भारत गएको समयमा आफ्नै मोबाइलबाट नेपालमा कल गर्न, नेपालबाट आएको कल उठाउन र एसएमएस पठाउन तथा प्राप्त गर्ने सुविधा प्राप्त गर्न सक्नेछन्। त्यसैगरी सोही मोबाइलबाट चीन वा भारतका स्थानीय मोबाइल अपरेटरका नम्बरमा समेत कुरा गर्न र सन्देश आदानप्रदान गर्न सकिने छ।

चीनमा हुँदा त्यहाँका स्थानीय टेलिकम अपरेटरको टेलिफोन वा मोबाइल नम्बरमा कल गर्दा प्रति मिनेट ५० रुपैयाँ लाग्ने छ भने चीनबाट नेपालमा कल गर्दा प्रतिमिनेट ९० रुपैयाँ लाग्ने छ। त्यसैगरी नेपालबाट गरेको फोन कल उठाउँदा प्रतिमिनेट ५३ रुपैयाँ लाग्ने छ।

भारतमा हुँदा त्यहाँका स्थानीय टेलिकम अपरेटरको टेलिफोन वा मोबाइल नम्बरमा कल

(बाँकी ४ पेजमा)

## प्रधानमन्त्रीद्वारा सूचना ...

(१ पेजको बाँकी)

टेलिकमले आवश्यक उपकरणहरु, हार्डवेयर तथा सफ्टवेयरको सेटअप, जडान तथा नेटवर्किङको व्यवस्था गर्नुका साथै क्षमता अभिवृद्धि तालिम र कार्यक्रमको अनुगमन तथा मूल्यांकनसमेत गर्नेछ ।

विद्यालयहरुलाई कम्पनीले २ सय ४० थान डेस्कटप कम्प्युटरका साथै विभिन्न संख्यामा प्रोजेक्टर, मल्टिफङ्सन प्रिन्ट/कपि/स्क्यान मेशिन, लेजर प्रिन्टर, साउण्ड सिस्टम र एक्सटर्नल हार्डडिस्क उपलब्ध गराउने छ । सूचना प्रविधि विद्यालय स्थापनाको लागि डिजिटल प्रयोगशाला, निगरानी प्रणाली, स्मार्ट बोर्ड, नेटवर्किङ, इन्टरनेट र पावर ब्याकअपको व्यवस्था समेत नेपाल टेलिकमले नै गरिदिने छ ।

## लोकमार्गमा अप्टिकल फाइबर ...

(१ पेजको बाँकी)

नेपाल टेलिकमले लोकमार्गमा ९६ कोर क्षमताको अप्टिकल फाइबर बिछ्याउने छ । त्यसैगरी लोकमार्गबाट जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ४८ कोर र विभिन्न नगरपालिका जोड्ने अप्टिकल फाइबर २४ कोरका हुनेछन् । उक्त सडक खण्डको उत्तर-दक्षिण क्षेत्रमा पर्ने प्रदेश नम्बर १, २ र ३ अन्तर्गतका ३२ जिल्लाका सदरमुकाम तथा नगर र गाउँपालिकाहरुमा अप्टिकल नेटवर्क विस्तार गरिने छ ।

मुलुकभरका जिल्ला सदरमुकाम र यसमार्फत सम्पूर्ण गाउँपालिका, विद्यालय र स्वास्थ्य चौकी आदिमा ब्रोडब्यान्ड नेटवर्क पुऱ्याउने सरकारी नीति अनुरुप अप्टिकल फाइबर बिछ्याउने कार्य द्रुत गतिमा अघि बढाउन लागिएको हो । ब्रोडब्यान्ड नेटवर्क र एफटीटीएच सेवाको उपलब्धतासँगै विद्यमान कपर (तामा) तारबाट सञ्चालित स्थानीय टेलिफोन सेवालाई अप्टिकल फाइबरमा रुपान्तरण गरिने छ ।

एफटीटीएच सेवा अन्तरगत एउटै अप्टिकल फाइबर मार्फत प्रयोगकर्ताहरूलाई टेलिफोन, उच्च गतिको इन्टरनेट तथा आइपी प्रविधिमा आधारित टेलिभिजन तथा भिडियो सेवा पनि प्रदान गर्न सकिनेछ । चरणबद्ध रूपमा हाल इन्टरनेट प्रयोगको लागि प्रदान गरिएको एडीएसएल सेवालाई एफटीटीएचमा रुपान्तरण गरिनेछ र नयाँ ग्राहकहरूलाई पनि एफटीटीएच सेवा उपलब्ध गराइनेछ ।

सरल, सुपथ तथा सुलभ रुपमा उच्च गति र क्षमताको ब्रोडब्यान्डमार्फत देशभरका प्रयोगकर्ताहरूलाई नवीनतम सेवा प्रदान गर्ने तथा समग्र सूचना प्रविधिको देशव्यापी विकासमा उल्लेख्य योगदान पुऱ्याउने लक्ष्यको महत्वपूर्ण आयामको रूपमा अप्टिकल फाइबरको आयोजनालाई नेपाल टेलिकमले अघि बढाएको हो ।

## चितवनमा एफटीटीएच सेवाको ...

(१ पेजको बाँकी)

नगरपालिकाका मेयर नारायण बनसँग टेलिफोनमा कुरा गरी सेवाको औपचारिक शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै मन्त्री बाँस्कोटाले यही वर्ष पूरा गरिने लक्ष्यकासाथ टेलिकमका धेरै महत्वपूर्ण आयोजनाहरु कार्यान्वयनको चरणमा रहेकाले कम्पनीका लागि यो संवृद्धिको वर्ष हुने बताउनु भयो । उहाँले सरकारको डिजिटल नेपालको लक्ष्यलाई साकार बनाउनका लागि कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने र कम नाफा हुने स्थानमा समेत जनसेवाका लागि दूरसञ्चार सेवाहरु उपलब्ध गराउनु पर्ने बताउनु भयो ।

सो शुभारम्भ कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले सरकारको सामाजिक, आर्थिक, शैक्षिक, प्राविधिक लगायत क्षेत्रका योजनालाई साकार बनाउन कम्पनीले सक्रिय रुपमा कार्य गरिरहेको र आगामी दिनमा समेत यो क्षेत्रमा नेतृत्वदायी भूमिका निभाउँदै ग्रामीण क्षेत्रमा सूचना प्रविधिको पहुँचका लागि सदा झैं लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रदेश सभा सदस्य कृष्ण खनालले अत्याधुनिक सञ्चार प्रविधिलाई जनतासँग जोड्न टेलिकमले खेलेको भूमिकाको सराहना गर्नुभयो भने रत्ननगर नगरपालिकाका प्रमुख नारायण बनले कम्पनीद्वारा प्रदत्त सेवाहरु चुस्त दुरुस्त हुनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नेपाल टेलिकम, वीरगन्ज क्षेत्रीय निर्देशनालयका निर्देशक अमलेन्दु नारायण सिंहले कम्पनीका सेवाहरु अझ भरपर्दा र जनमैत्री बनाउन सधैं सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा चितवनका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, नेपाल टेलिकमका प्रमुख प्राविधिक अधिकृत मटुक आनन्द वैद्यलगायत अन्य कर्मचारीको समेत उपस्थिति थियो ।

सौराहामा हाल जडित एफटीटीएचको क्षमता १ हजार २४ लाइनको रहेको छ र निकट भविष्यमा आवश्यकता बमोजिम क्षमता अभिवृद्धि गरी वितरण गर्ने कार्यक्रम रहेको छ । हाललाई यो सुविधा सौराहाको हात्तिचोकदेखि ठमेल बजार क्षेत्रसम्म, भरतपुर महानगरपालिका अन्तर्गत वडा नम्बर २ र ३ को नारायणगढ बजार क्षेत्र तथा वडा नम्बर १० का क्षेत्रहरुमा उपलब्ध गराइने छ । यस्तै बछ्यौली र ब्रिडिङ सेन्टरमा एक महिनाभित्र उपलब्ध गराइने छ । निकट भविष्यमा भरतपुर महानगरपालिका वडा नम्बर ११ र १२, गैडाकोट नगरपालिका र टाँडी बजार क्षेत्रमा समेत एफटीटीएच सेवा उपलब्ध गराउने योजना रहेको दूरसञ्चार कार्यालय भरतपुरका प्रमुख दीपक कुमारले जानकारी दिनुभयो ।

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजर प्याकेज उपलब्ध गराइरहेको छ । व्यक्तिगत तर्फ ८ एमबीपीएस, १८ एमबीपीएस, ३५ एमबीपीएस र ५५ एमबीपीएसका प्याकेज उपलब्ध छन् । त्यसैगरी कर्पोरेटतर्फ १० एमबीपीएस र २० एमबीपीएसका प्याकेज उपलब्ध छन् ।

एफटीटीएच सेवा लिने ग्राहकहरुलाई एक सय मिटरसम्म फाइबर र ३ महिनाको लागि भ्वाइस सेवा समेत निःशुल्क उपलब्ध हुनेछ । त्यसैगरी ३ महिना वा सो भन्दा बढी अवधिको लागि एकमुष्ट एफटीटीएच सेवा लिने सेवाग्राहीलाई CPE निःशुल्क उपलब्ध हुनेछ ।

कम्पनीको एप 'नेपाल टेलिकम' र वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।

# पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न



नेपाल टेलिकमले प्राथमिकताका साथ सम्पन्न गर्न लागेका फोरजी/एलटीई आयोजना, मध्य पहाडी लोकमार्ग अप्टिकल फाइबर आयोजना, एफटीटीएच सेवा विस्तार र गुणस्तर सुधारका अभियानका बारेमा भएका कार्यहरु सार्वजनिक गरेको छ । ०७६ वैशाख २ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार अन्तरक्रियामा ती विवरणहरु सार्वजनिक गरिएका हुन् ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीले आफ्नो व्यवसाय मात्र सञ्चालन नगरी सेवालाई समेत प्राथमिकता दिनुपर्ने दायित्व भएकाले नेपाली जनता बसोबास गरेका दुर्गम र विकट स्थानहरुमा समेत सेवा उपलब्ध गराइरहेको बताउनु भयो ।

आगामी दिनमा पनि जनताका शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा अत्याधुनिक सञ्चारका माध्यमबाट सकारात्मक परिवर्तन ल्याउनका लागि कम्पनीले भूमिका खेल्ने उहाँले बताउनु भयो । छोटो अवधिमै फोरजी सेवालाई देशव्यापी रुपमा विस्तार गर्ने योजनाका साथ कम्पनी अगाडि बढेको उल्लेख गर्दै उहाँले कम्पनीका विभिन्न आयोजनाका बारेमा जानकारी दिनुका साथै सञ्चारकर्मीका जिज्ञासाहरुको जवाफ दिनुभएको थियो ।

सो अवसरमा नेपाल टेलिकमका प्रवक्ता प्रतिभा वैद्यले कम्पनीका विभिन्न आयोजना र हालको प्रगति तथा आगामी कार्ययोजनाहरु सम्बन्धी विवरण प्रस्तुत गर्नुभएको थियो ।

**नयाँ फोरजी आयोजना**

नयाँ फोरजी आयोजना अन्तर्गत Site Survey को काम ५२ प्रतिशत भन्दा बढी सम्पन्न भइसकेको र कोरको उपकरण आपूर्ति हुने क्रममा रहेको छ ।

**मोबाइल सेवा विस्तार प्रगति**

चालु आर्थिक वर्षको चैत मसान्तसम्म ४ सय वटा थ्रीजी बीटीएसहरुको स्तरोन्नति गरिएको छ । त्यसैगरी सो अवधिमा ४ सय ७ वटा बीटीएस स्थापना भई सञ्चालनमा आएका छन् । एक करोड लाइन मोबाइल आयोजना अन्तर्गत ग्राहकको माग एवं प्राविधिक अध्ययनअनुसार आवश्यक देखिएका स्थानहरुमा मोबाइल टावर थप गर्ने कार्य जारी रहेको छ । यस आयोजना अन्तर्गत प्याकेज 'बी' को शतप्रतिशत काम सम्पन्न भएको छ । प्याकेज 'ए' को काम ९५ प्रतिशत सकिएको र चालु आर्थिक वर्षभित्र शतप्रतिशत सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

**मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर**

मध्य पहाडी लोकमार्ग अन्तर्गत प्रदेश १, २ र ३ मा पर्ने स्थानमा अप्टिकल फाइबर बिछ्याउने कार्यको जिम्मेवारी नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल टेलिकमलाई दिएको छ । सो आयोजनाका लागि ५ वटै सम्झौता सम्पन्न भइसकेका छन् ।

**एफटीटीएच (फाइबर टु द होम) सेवा**

हाल कम्पनीले एडीएसएल मार्फत इन्टरनेट सुविधा उपलब्ध गराइरहेकोमा विद्यमान एडीएसएल सेवालाई द्रुत गतिको एफटीटीएचमा रुपान्तरण गरी मुलुकभर वितरण गर्ने लक्ष्यका साथ नेटवर्क विस्तारको कार्य भइरहेको छ । एफटीटीएचमार्फत आईपीटीभी पनि प्रदान गर्ने योजना सहित संरचना तयार गर्ने कार्य भइरहेको हो । हाल देशभर ४० हजार ९ सय ६० लाइन एफटीटीएच प्रदान गर्न सकिने क्षमताको नेटवर्क निर्माण गरिसकिएको छ र थप नेटवर्क विस्तार कार्य जारी रहेको छ ।




**म हाल कक्षा ११ मा अध्ययनरत छु । के मैले नेपाल टेलिकमले उपलब्ध गराएको विद्यार्थी अफर अन्तर्गतको सिम लिन सक्छु ? यसमा के के सुविधा छन् ?**

तपाईले विद्यार्थी अफर अन्तर्गतको सिम लिन सक्नुहुन्छ । तपाई मात्र होइन, एसईई (SEE) दिएका र त्यो भन्दा माथिल्लो स्तरका अन्य विद्यार्थीहरुका लागि पनि नेपाल टेलिकमले विद्यार्थी अफर अन्तर्गतको सिम उपलब्ध गराइरहेको छ ।

'विद्यार्थी अफर' मा विद्यार्थीहरुलाई ५० रुपैयाँ टक भ्यालु भएको सिम नि:शुल्क उपलब्ध गराइन्छ । सो रकम मध्ये १० रुपैयाँबाट कल गर्न, डाटा खरिद गर्न वा एसएमएस गर्न सकिने छ । बाँकी ४० रुपैयाँबाट ४० मिनेट कल गर्न, ६० एमबी डाटा खरिद गर्न र २० वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध गराइएको छ । यी सबै सुविधा ३० दिनभित्र उपभोग गरिसक्नु पर्नेछ ।

यसका साथै 'विद्यार्थी अफर' अन्तर्गतको सिम लिएका विद्यार्थीलाई ६ महिनासम्म बोनसको रुपमा प्रतिमहिना ४० मिनेट भ्वाइस कल गर्न, ६० एमबी डाटा चलाउने र २० वटा एसएमएस पठाउने सुविधा समेत उपलब्ध गराइएको छ । यो सुविधा उपभोग गर्ने समयावधि ७ दिनको हुनेछ ।

त्यसैगरी सो अफर अन्तर्गत रजिष्टर गरिएका सिममा ५० रुपैयाँ वा सो भन्दा बढी रकम रिचार्ज गर्दा समेत १ वर्षसम्म प्रत्येक रिचार्जमा बोनस उपलब्ध गराउने व्यवस्था गरिएको छ । ५० रुपैयाँ रिचार्ज गर्दा बोनस अन्तर्गत १० मिनेट भ्वाइस कल गर्न र ५० एमबी डाटा प्रयोग गर्न सकिने छ । रिचार्ज गरिसकेपछि यो सुविधा ३ दिनभित्र उपभोग गरिसक्नु पर्नेछ ।

यस अफर अन्तर्गत उपलब्ध सुरुको १० रुपैयाँबाहेक अन्य रकमबाट नेपाल टेलिकमकै नेटवर्क भित्रका नम्बरमा मात्र भ्वाइस कल गर्न र एसएमएस पठाउन सकिने छ ।

यो अफर २०७६ असार २६ गतेसम्म उपलब्ध गराइनेछ । अफर अन्तर्गत प्राप्त प्याकेज भने सिम एक्टिभ भएको ६ महिनासम्म उपलब्ध हुनेछ भने रिचार्जमा प्राप्त बोनस एक बर्षसम्म उपलब्ध हुनेछ ।

**मिस्ड कल अलर्ट सुविधा लिन र फेरि हटाउन के गर्नुपर्छ ?**

मिस्ड कल अलर्ट सेवा लिएमा सेवाग्राहीको नम्बर व्यस्त भएको, नेटवर्क नभएको र स्वीच अफ भएको अवस्थामा कसैको कल आएमा पछि त्यसको बारेमा एसएमएस मार्फत सन्देश प्राप्त हुनेछ । यो सेवा लिन मासिक ६ रुपैयाँ शुल्क लाग्छ । यसको सुविधाको समयावधि ३० दिनको हुनेछ । यो सुविधा लिनका लागि *1400# डायल गर्नुपर्छ । त्यसपछि त्यहाँ उपलब्ध विकल्प अनुसारको नम्बर डायल गरी सुविधा लिन वा हटाउन सकिन्छ ।

त्यसैगरी एसएमएस किवर्ड प्रयोग गरेर पनि यो सेवा लिन वा हटाउन सकिन्छ । यो सेवा लिनका लागि sub mca लेखेर १४०० मा एसएमएस पठाउन सकिन्छ । त्यसैगरी हटाउनका लागि unsub mca र यसको अवस्था बुझ्नका लागि status लेखेर १४०० मा एसएमएस पठाउन सकिन्छ ।

**नेपाल टेलिकमको जीएसएम प्रिपेड मोबाइलबाट ब्यालेन्स ट्रान्सफर कसरी गर्न सकिन्छ ? कुन कुन मोबाइलमा ब्यालेन्स ट्रान्सफर गर्न सकिन्छ ?**

नेपाल टेलिकमको जीएसएम प्रिपेड मोबाइलबाट जीएसएम प्रिपेड तथा सीडीएमए प्रिपेड र पोस्टपेड मोबाइलमा रु. १०।- देखि रु. १००।- सम्म ब्यालेन्स रकम ट्रान्सफर गर्न सकिन्छ । आफूले चाहेको रकम पठाउनका लागि *422*Security Code*Number of Receiver*Amount (Rs.)# गरेर डायल गर्नुपर्छ । ट्रान्सफर गर्नुपर्ने रकम रुपैयाँमै लेख्नु पर्छ । यो सुविधा अन्तर्गत एक दिनमा एउटा नम्बरबाट बढीमा ५ पटक मात्र ब्यालेन्स ट्रान्सफर गर्न सकिन्छ ।

**म एक भारतीय नागरिक हुँ । मैले नेपालमा कसरी भ्वाइस र डाटा सेवा लिन सक्छु ?**

तपाई अन्तर्राष्ट्रिय उडानमार्फत आउँदै हुनुहुन्छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको नेपाल टेलिकमको काउन्टरबाटै यो सुविधा लिन सक्नुहुन्छ । यदि सडक यातायातमार्फत आउदै हुनुहुन्छ भने नेपाल टेलिकमको काउन्टरमा पुगेर यो सुविधा लिन सक्नुहुन्छ । यसका लागि तपाईंसँग भएको पासपोर्ट वा नेपालस्थित भारतीय राजदुतावासले प्रमाणित गरेको कागजात र एउटा तस्बिर चाहिन्छ ।

**तारवाला अर्थात ल्याण्डलाइन टेलिफोनको तिर्नुपर्ने बाँकी महसुल थाहा पाउन के गर्नुपर्छ ?**

टेलिफोनको बाँकी महसुल थाहा पाउन मोबाइलको म्यासेज बक्समा cb* पछि एरिया कोड सहितको टेलिफोन नम्बर (जस्तै : cb*01xxxxxxx) राखी १४१५ मा एसएमएस गर्नुपर्छ । जस्तै : cb*014444444 टाइप गरी 1415 मा एसएमएस पठाउन सकिन्छ ।

**नेपाल टेलिकमको मोबाइलमा लिएको भ्वाइस प्याक कति बाँकी छ भनी कसरी थाहा पाउने ?**

मोबाइलमा लिएको भ्वाइस प्याक वा अन्य कुनैपनि प्याक कति बाँकी छ भनी थाहा पाउनका लागि *1415*5# डायल गर्न सकिन्छ । त्यसैगरी VL लेखेर १४१५ मा एसएमएस गर्न पनि सकिन्छ । अनि तपाईंले कति भ्वाइस प्याक वा अन्य प्याक बाँकी छ भन्ने जानकारी सहितको सन्देश आउँछ । साथै नेपाल टेलिकम एप डाउनलोड गरी एपमार्फत पनि थाहा पाउन सकिन्छ ।

# 'मोबाइल मनी'का लागि समझदारी




नेपाल टेलिकमले विभिन्न वस्तु तथा सेवा खरिद गर्दा मोबाइलबाटै पैसा तिर्न मिल्ने 'मोबाइल मनी' सेवा सुरु गर्ने भएको छ । नेपाल टेलिकम तथा राष्ट्रिय वाणिज्य बैंकको संयुक्त लगानीमा भुक्तानी सेवा प्रदायक पब्लिक कम्पनी सञ्चालन गर्नेसम्बन्धी समझदारी सम्पन्न भएको छ ।

गत बैशाख १९ गते आयोजित राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०७६ को अवसरमा नेपाल टेलिकम र राष्ट्रिय वाणिज्य बैंकबीच यस सम्बन्धी लिखित समझदारी भएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीको समुपस्थितिमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र राष्ट्रिय बाणिज्य बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति २०७३ अनुसार भुक्तानी सेवा प्रदायक पब्लिक कम्पनी सञ्चालन गर्ने समझदारी भएको हो । सो अनुसार कम्पनीमा दुबै पक्षले लगानी गर्ने सेयर पुँजी, आर्थिक व्यवस्थापन र सञ्चालक समितिमा हुने प्रतिनिधित्वका विषयमा समेत समझदारी बनेको छ ।

टेलिकम आफैंले मोबाइल मनी तथा फाइनान्सको सेवा दिन नमिल्ने कानुनी प्रावधानका कारण सहायक कम्पनी निर्माण गरी सेवा सञ्चालन गर्न लागिएको हो । सहायक कम्पनी बनाउँन टेलिकमले सरकारी स्वामित्वको राष्ट्रिय बाणिज्य बैंकसँग सहकार्य गरेको हो ।

समझदारीसँगै नेपाल टेलिकमले नेपाल दूरसञ्चार प्राधिकरणबाट सहायक कम्पनी स्थापनाको लागि स्वीकृति लिएपछि कम्पनी दर्ता प्रक्रिया शुरु हुनेछ । कम्पनी स्थापना भएपछि नेपाल राष्ट्र बैंकमा सेवा सञ्चालन आशय पत्रका लागि आवेदन दिनुपर्ने व्यवस्था रहेको छ । डिजिटल फाइनान्स कम्पनीमा नेपाल टेलिकमको बहुमत सेयर हुने छ भने राष्ट्रिय बाणिज्य बैंकको लगानी रहने छ । भविष्यमा यस कम्पनीको शेयर सर्वसाधारणका लागि पनि खुल्ला गरिनेछ ।

कम्पनीले सञ्चालन गर्ने मोबाइल मनी सेवामा ग्राहकले आफ्नो मोबाइलबाट सिधै भुक्तानीको सुविधा लिन सकिने व्यवस्था हुनेछ । यो सेवा सुरु भएपछि बजारमा कुनै सामान किन्न, रेस्टुरेन्टको सेवा लिन वा कुनै सेवा उपभोग गर्दा आफ्नो मोबाइलबाटै भुक्तानी गर्न सकिने छ । साथै मनी ट्रान्सफर, एयरटाइम टपअप र युटिलिटी बिल पेमेन्ट जस्ता सुविधाहरु पनि मोबाइलमार्फत नै उपलब्ध हुनेछ ।

# टेलिकमको नयाँ फोरजी आयोजना

मुलुकका सुगमदेखि दुर्गम र विकट स्थानहरुमा समेत एउटै मूल्यमा दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको नेपाल टेलिकमले चौथो पुस्ताको मोबाइल सेवा फोरजी विस्तारको कार्य द्रुत गतिमा अघि बढाएको छ।

मोबाइल सेवामा अत्याधुनिक प्रविधि र अतिरिक्त सुविधाहरु सहित डिजिटल डिभाइड कम गर्ने सरकारी योजनालाई मूर्तरुप दिन कम्पनीले फोरजी सेवाको लागि आवश्यक परियोजना शुरु गरेको हो।

नेपाल टेलिकमले नेपालमै पहिलो पटक काठमाडौं र पोखरामा २०७३ पुस १७ बाट फोरजी सेवा शुरु गरेको हो।

देशभर सातै प्रदेशमा सेवा विस्तारका लागि गत २०७५ माघ २० मा तीन वटा सम्झौता सम्पन्न भइसकेका छन्। यसमध्ये कोर नेटवर्कका लागि चीनको जेडटीई कर्पोरेसन तथा नेटवर्क १ र नेटवर्क २ का लागि हङकङको सीसीएसआईले जिम्मेबारी पाएका छन्। नेटवर्क १ अन्तर्गत मध्यमाञ्चल र मध्यपश्चिमाञ्चल अर्थात हालको प्रदेश २, ३, ५ र ६ तथा नेटवर्क २ अन्तर्गत पूर्वाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल अर्थात हालको प्रदेश १, २, ४, ५ र ७ का विभिन्न स्थान पर्छन्।

कम्पनीले एक वर्षभित्रै देशभर फोरजी नेटवर्क विस्तार गर्ने लक्ष्यका साथ कार्य अघि बढाएको हो। उक्त फोरजी नेटवर्क उच्च गुणस्तरको हुनेछ र यसको माध्यमबाट तीव्र गतिमा डाटा चलाउन सकिने मात्र होइन, भ्वाइस सेवा समेत गुणस्तरीय हुनेछ। टेलिकमले विस्तार गर्न लागेको फोरजी नेटवर्कमा अधिकतम स्पिड १३० एमबीपीएस हुनेछ। अहिले काठमाडौं र पोखरामा सीमित टेलिकमको फोरजी सेवाको अधिकतम स्पिड ३२ एमबीपीएस छ। साथै उक्त नेटवर्कमार्फत फोरजी सेवामा डाटा मात्र नभई डाटा नेटवर्कमै बसी भ्वाइस सेवा समेत उपभोग गर्न सकिन्छ। यसलाई VoLTE (Voice over LTE) भनिन्छ।

हाल उपलब्ध 4G/LTE सेवा प्रयोग गर्दा भ्वाइस कलको लागि 2G वा 3G Network मा CS Fallback हुनुपर्ने अवस्था रहेको छ। अब ल्याइने नयाँ 4G नेटवर्कमा भने भ्वाइस सेवा उपभोग गर्न 2G/3G Network मा Fallback नभई LTE Network बाटै भ्वाइस सेवा प्रयोग गर्न सकिन्छ। यसले गर्दा प्रयोगकर्ताको ब्याट्रीको प्रयोग अवधि बढ्नुका साथै HD गुणस्तरको Voice सेवा उपभोग गर्न सकिन्छ। यसका अलावा VoWiFi (Voice over WiFi), MIMO (Multiple input Multiple output), Carrier Aggregation, SON (Self organizingNetwork) जस्ता प्रविधि प्रयोग गरी Network Coverage तथा Quality मा उल्लेख्य सुधार हुनेछ। यसबाट 4G सेवाको गुणस्तरमा बढोत्तरी गरी Customer experience मा स्तरोन्नती गर्ने कम्पनीको लक्ष्य रहेको छ।

**फाइभजी रेडीनेस**

देशैभर टेलिकमले विस्तार गर्ने फोरजीको नेटवर्क पाँचौ पुस्ताको अत्याधुनिक फाइभजी सेवा विस्तार गर्नको लागि समेत पूर्वाधारका रुपमा उपयुक्त हुनेछ। टेलिकमले परीक्षणका रुपमा काठमाडौंसहित पोखरा, नेपालगञ्ज र विराटनगरमा फाइभजी नेटवर्क सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ।

यी योजना सम्पन्न भई मुलुकभर नै फोरजी सेवा उपलब्ध भएपछि उच्च गतिको मोबाइल ब्रोडब्याण्डमार्फत श्रव्यदृश्य तथा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवाहरु र मनोरञ्जन लगायत विविध सेवा प्रवाहमा वृहत् सुधार हुनेछ।

# नेपाल टेलिकम र साझा यातायातबीच सम्झौता



नेपाल टेलिकम र साझा यातायात सहकारी संस्था लिमिटेडबीच साझा यातायातका बसहरूमा नेपाल टेलिकमका सेवाहरूको बजार प्रवर्द्धन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ।

सम्झौता अनुसार काठमाडौं उपत्यका भित्र र बाहिर लामो दूरीमा सञ्चालित ४६ वटा साझा बसमा नेपाल टेलिकमको ब्रान्डिङ तथा विभिन्न सेवाहरूको बारेमा जानकारीमूलक व्यावसायिक सन्देश राखिने छ।

विगत केही वर्षदेखि कम्पनी र साझा यातायातबीच भइरहेको व्यवसाय प्रवर्द्धनसम्बन्धी सहकार्यलाई निरन्तरता दिनका लागि गत बैशाख २ गते सम्झौता भएको थियो। सो सम्झौता पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र साझा यातायातका तर्फबाट प्रबन्धक महेन्द्रराज पाण्डेयले हस्ताक्षर गर्नु भएको थियो।

सम्झौता हस्ताक्षर कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले साझा यातायातसँगको सम्झौताले नेपाल टेलिकमका सेवाहरूको बारेमा सेवाग्राहीहरूलाई सुसूचित गर्न सहयोग पुग्ने बताउनु भयो। सो अवसरमा साझा यातायातका प्रबन्धक महेन्द्रराज पाण्डेयले नेपाल टेलिकमसँगको यो सहकार्य आगामी दिनमा समेत जारी रहने अपेक्षाका साथै अन्य क्षेत्रमा समेत सहकार्यका लागि आग्रह गर्नुभयो।

# अब प्रिपेडमा पनि रोमिङ ...

(१ पेजको बाँकी)

गर्दा र भारतबाट नेपालमा कल गर्दा प्रतिमिनेट ३० रुपैयाँ लाग्ने छ। त्यसैगरी नेपालबाट गरेको फोन कल उठाउँदा प्रतिमिनेट १४ रुपैयाँ खर्च हुनेछ।

भारत वा चीनबाट नेपालबाहेकका देशमा कल गर्दा प्रतिमिनेट ३ सय ९७ रुपैयाँ शुल्क तोकिएको छ। एसएमएसको हकमा चीनबाट नेपाल पठाउँदा प्रति एसएमएस ५४ रुपैयाँ र भारतबाट प्रति एसएमएस २४ रुपैंया लाग्ने छ। एसएमएस प्राप्त गर्दा भने कुनै शुल्क लाग्ने छैन।

कम्पनीको वार्षिकोत्सवको अवसरमा गत माघ २२ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले 'प्रिपेड अन्तर्राष्ट्रिय रोमिङ' सेवाको सफ्ट लन्च गर्नुभएको थियो। सो सेवालाई हाल व्यावसायिक रुपमा सञ्चालनमा ल्याइएको हो। कम्पनीले हालसम्म जीएसएम पोष्टपेड सेवामा मात्र अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराइरहेको थियो। प्रिपेड मोबाइलमा उपलब्ध यो सेवा प्रयोग गर्न थप धरौटी राख्नु पर्दैन र आफ्नो मोबाइलमा भइरहेको ब्यालेन्सबाट सेवा प्रयोग गर्न सकिने छ।

अन्तर्राष्ट्रिय रोमिङ सेवा लिनका लागि *1415# डायल गर्नु पर्ने छ। कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यससम्बन्धी जानकारी तथा सुविधा लिन सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ।




# पर्यटन मेलामा नेपाल टेलिकम

नेपाल टेलिकमले काठमाडौंको भृकुटीमण्डपमा गत बैशाख १३ र १४ गते आयोजित आन्तरिक पर्यटन मेलामा सहभागिता जनाई आफ्नो स्टलमार्फत कम्पनीका सेवा सुविधाका बारेमा आगन्तुकहरुलाई जानकारी प्रदान गरेको छ।

भृकुटीमण्डपमा 'पहिला देश अनि विदेश' भन्ने मुल नाराका साथ आन्तरिक पर्यटन मेला (Domestic Tourism Mart 2019) आयोजना गरिएको थियो। निजी क्षेत्रका तर्फबाट पहिलोपटक आयोजना गरिएको सो मेलाको उद्देश्य स्थानीय पर्यटनको प्रबर्द्धन गर्नु रहेको थियो। उक्त मेलामा ७७ वटै जिल्लाका पर्यटकीय गन्तव्यबारे जानकारी प्रदान गरिएको थियो।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**